# नेपालमा यातनाको अवस्था (२६ जुन, २०११)

**पुनर्स्थापना अन्तर्गत रहेका यातना पीडितको विवरण**

यातनापीडित सरोकार केन्द्रबाट सन् २००६ देखि २०१० सम्ममा ७,०८२ जना यातनापीडितलाई चिकित्सकीय, मनोसामाजिक मनोविमर्श तथा कानुनी सेवा प्रदान गरिएको थियो । जसमध्ये ४,९३५ पुरुष र २,१४७ महिला रहेका छन् ।

यस केन्द्रमा उपचारको लागि आउने यातनापीडितहरु प्रायः गरेर १६ वर्ष देखि ४५ वर्ष उमेर समुहका रहेका छन् । यस्ता यातनापीडितहरुको पृष्ठभूमि साधारणतया ग्रामीण क्षेत्रमा बसोबास गर्ने अशिक्षित, गरिब तथा सिमांकृत समुदायका मानिसहरु छन् । उनीहरुको राज्यको कुनै पनि निकायमा पहुँच नपुगेको, समुदाय तथा राज्यका अन्य निकायहरुबाट कुनै पनि किसिमको सहयोग नपाएको अवस्था छ ।

**यातना दिने परिवाटी तथा प्रवृत्ति :**

नेपालमा शन्ति प्रकृया शुरु हुनु अघि शसस्त्र द्वन्द्वको अवस्थामा सबैभन्दा बढी माओवादी भएको आरोपमा सुरक्षा निकायबाट यातना दिइएको पाइन्थ्यो भने शान्ति प्रकृया शुरु भएपछि फौजदारी अपराधको अनुसन्धानको सिलसिलामा सबै भन्दा बढी यातना दिइएको पाइएको छ ।

प्रायजसो यातना पाउने व्यक्तिहरु कुनै पनि अपराधमा संलग्न नभएका व्यक्तिहरु बढी मात्रामा हुने गरेको पाइएको छ । बाल बिज्याइमा परेका बालबालिकाहरुको सम्बन्धमा प्रायः मुद्दाहरुमा उमेर बढाएर झूट्ठो उमेर राखेको पाइयो ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा २४ ले कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन भन्ने मौलिक हकको प्रत्याभूति दिएको भए पनि पक्राउ परेका अधिकांश व्यक्तिहरुलाई २४ घण्टा भन्दा बढी प्रहरी नियन्त्रणमा राखिएको पाइयो । कतिपय मुद्दाहरुमा हप्तौ सम्म पनि थुनुवाहरुलाई मुद्दा हेर्ने अधिकारी समक्ष पेश नगरिकन थुनामा राखिएको थियो ।

यातना पीडितहरुको पूर्नस्थापनाको कुरा गर्दा राज्यबाट यातनापीडितहरुको पूर्नस्थापनाको निमित्त हाल सम्म कुनै पनि किसिमको व्यवस्था हुन सकेको छैन । राज्यबाट पूर्नस्थापनामा सहयोग पाउनुको सट्टा यातना पीडितहरु पीडकहरुबाट पुनः पीडित हुने घटना बढेर गएको छ । यस केन्द्रमा उपचारका लागि आएका यातना पीडितहरुमा अत्याधिक शारिरीक तथा मानसिक असरहरुबाट ग्रसित भएको अवस्था छ । एउटा यातना पीडितलाई पूर्ण रुपमा पूर्नस्थापना हुन न्यूनतम १ वर्ष देखि वर्षौ सम्म पनि लाग्न सक्तछ तर यातनाको असर/दोष चाहि जीवनभर रहन्छ । फेरी पहिलेकै जस्तो शारीरिक तथा मानसिक पीडाको डरलाग्दो अवस्थामा फर्किने सम्भावना भने जहिले पनि रहन सक्छ ।

द्वन्द्वको समयमा नेपाली सेना, प्रहरी र तत्कालिन विद्रोही पक्षको रुपमा रहेको नेकपा माओवादी यातना दिने काममा समान रुपले पीडक हुने गरेका थिए । सन् २००६ पछि चाँहि यातना दिने कार्यमा प्रायः प्रहरी नै मुख्य पीडक भएको देखिएको छ ।

यातनापीडितको न्यायको सन्दर्भमा यातनापीडितहरु न्यायीक प्रकृयामा जान कमै मात्रमा इच्छुक हुने गरेका छन् । यसको पछाडि राज्यबाट नै यातना पाए पछि राज्यको निकायहरु प्रति नै अविश्वास पैदा हुनु, प्रभावकारी कानुनको अभाव, पीडकलाई दण्डहीनता, पीडितमुखी कार्यविधि नहुनु, साक्षी तथा पीडितको सुरक्षाको व्यवस्थाको अभाव जस्ता कारणहरु प्रमुख रुपमा रहेका छन् ।

**यस केन्द्रबाट नेपालको विभिन्न जिल्लामा रहेका ७ वटा कारागारहरुमा गरिएको अध्ययनबाट पत्ता लगाइएको तथ्यहरुः**

- सन् २००८–२०१० मा ७ वटा कारागारमा रहेका कैदी/बन्दीहरुलाई चिकित्सकीय तथा मनोवैज्ञानिक उपचार प्रदान गरिएको थियो । सो क्रममा अर्न्तवार्ता लिइएका ९८९ कैदी/बन्दीहरु मध्येमा शिक्षाको

अवस्थालाई हेर्दा ४४%, अशिक्षित १९% प्राथमिक तहको शिक्षा पाएको, ३१% माध्यमिक तहको शिक्षा पाएको, ६% विश्वविद्यालय तहको शिक्षा पाएका थिए ।

- अन्तर्वार्ता लिइएका कैदी/बन्दीहरुमध्ये ५२% ले मात्रै पक्राउ पर्नु अघि पक्राउ गर्नु पर्नुको कारण सहितको पक्राउ पूर्जी प्राप्त गरेका थिए । ७४% कैदी/बन्दीहरुले अनुसन्धानको क्रममा यातना पाएको बताएका थिए ।
- जस मध्येमा १३ जना १६ वर्ष भन्दा कम उमेरका बालबालिका समेत कारागारमा थिए । १३ जना बालबालिकाहरु मध्ये ८ जनाले प्रहरी हिरासतमा रहदा यातना पाएका थिए ।

**प्रहरी हिरासतमा मृत्यु :**

- सन् २००६ नोभेम्बर देखि मे २०११ सम्ममा यातना पीडित सरोकार केन्द्रले संकलन गरेको तथ्याङ्क अनुसार फौजदारी अपराधको अनुसन्धानको सिलसिलामा पक्राउ परेका व्यक्तिहरु मध्ये १२ जनाको प्रहरी हिरासतमा मृत्यु भएको छ । प्रहरी हिरासतमा मृत्यु भएका अधिकांश व्यक्तिहरुको यातनाबाट मृत्यु भएको आशंका गरिएको भए पनि यस्तो गम्भिर मुद्दामा स्वतन्त्र रुपमा अनुसन्धान भएको छैन भने यस्तो मुद्दामा दोषी भएका कसैलाई पनि जिम्मेवार बनाइएको छैन ।

**सिफारिस**

- यातना पीडितहरु यातना पाइसकेपछि उनीहरुलाई पर्याप्त उपचारको व्यवस्था नभएमा उनीहरु जिन्दगीभर कुनै न कुनै प्रकारको अपाङ्गताको अवस्थामा बाँच्न बाध्य हुन्छन् । यातना पीडितहरुमा यातनाबाट उत्पन्न हुने असरहरु तत्काल नदेखिन पनि सक्तछ । यातना पाएको केही बर्ष पछि पनि यस्ता असरहरु देखिन सक्तछ । यातना पीडितहरुको पूर्नस्थापनाका निमित्त सबै प्रकारका सेवाहरु सहितको पूर्ण उपचार सेवा प्रदान गर्नु पर्ने हुन्छ । तर सरकारका तर्फबाट हाल सम्म पनि उनीहरुको परिपूरणको व्यवस्था हुन नसकेको कारणले यातना पीडितहरु अत्यन्त कठिन अवस्थामा जिन्दगी बिताउन बाध्य छन् । त्यसैले यातना पीडितहरुको निमित्त परिपूरणको तत्काल व्यवस्था गर्न हामी सरकारसँग माग गर्दछौं ।

- नेपालले यातना विरुद्धको महासन्धि पारित गरि महासन्धिमा भएको व्यवस्था परिपालना गर्ने प्रतिवद्धता जनाएको पनि २० वर्ष पूरा भएको छ । तर हाल सम्म पनि सरकारले यातनालाई फौजदारी अपराधको रुपमा मानि कानुनी व्यवस्था नगर्दा सबै पीडकहरुले पूर्ण रुपमा उन्मूक्ति प्राप्त गर्दै आइरहेको छन् । त्यसैले हामी तत्काल यातनालाई फौजदारी अपराधको रुपमा घोषणा गरि नयाँ कानुनको निर्माण गर्न माग गर्दछौं ।

- यातना सम्बन्धि क्षतिपूर्ति ऐन अर्न्तगत अदालतबाट केही यातना पीडितहरुले थोरै मात्रामा क्षतिपूर्तिको रकम सरकारबाट प्राप्त गरेका छन् । तर यो क्षतिपूर्तिको रकमले उनीहरुको उपचारको लागि पनि पुग्दैन भने अर्कोतिर उक्त क्षतिपूर्तिको रकम पीडकबाट नभराई सरकारी कोषबाट मात्रै भराउदा पीडकहरुलाई पूर्ण रुपमा उन्मुक्ति प्राप्त भई यातना निरन्तर छ र यो रोकिन सकेको छैन । यसरी पीडितलाई दिने क्षतिपूर्तिमा केही अंश पीडकबाट पनि भराउने व्यवस्था गर्नको लागि हामी सरकार सँग आग्रह गर्दछौं ।

- हिरासतको नियमित अनुगमनको निमित्त एउटा स्थायी संरचनाको निमार्ण गरिनु पर्छ साथै तोकिएको ठाउंमा बाहेक अन्यत्र लगि थुनामा राख्ने कार्यलाई निरुत्साहित गर्न हामी माग गर्दछौं ।

- हाल सरकारले मस्यौदा गर्दै गरेको भनि भनिएको नयाँ यातना सम्बन्धि ऐन अतर्राष्ट्रिय कानुन तथा मान्यता अनुरुप हुनुपर्दछ । उक्त मस्यौदामाथि नागरिक समाज तथा यातना पीडितहरु समेतको सुझाव लिनका निमित्त उक्त मस्यौदालाई तत्काल सार्वजनिक गर्न समेत हामी आग्रह गर्दछौं ।

- यातना पीडितहरुको पुर्नस्थापना तथा न्यायको लागि प्रभावकारी रुपले कार्यगत एकताको लागि सम्पूर्ण सरोकार पक्षहरुसंग अनुरोध गर्दछौं ।

*यातनापीडित सरोकार केन्द्र, (सिभिक्ट)नेपाल*